# लोक सेवा आयोग

सूचना तथा प्रकाशन शाखा
कमलपोखरी, काठमाडौं

सूचना नं :- ११९४ मितिः २०८१।१।७ गते

**विषय : निजामती सेवा पत्रिका वर्ष ४३, अङ्क १ का लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।**

लोक सेवा आयोगले अर्धवार्षिक रुपमा प्रकाशन गर्ने निजामती सेवा पत्रिकाको वर्षः ४३, अङ्कः १, प्रकाशन हुन गइरहेको हुँदा उक्त अङ्कमा लेख रचना समावेश गर्न ईच्छुक विद्वान् लेखकहरुबाट यही **२०८१ जेठ १ गतेभित्र** लेख रचना आह्वान गरिन्छ । लेख रचना प्रशासन तथा व्यवस्थापनसँग सम्बन्धित खोजमूलक तथा अनुसन्धानमूलक हुनुपर्नेछ। प्रकाशनका लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए Preeti फन्टको साइज १६, नेपाली युनिकोडमा भए Kalimati फन्टको साइज १२ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ। लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन् :

(क) लेखको शुरुमा लेखको सार जनाउने सारांश (Abstract)

(ख) मुख्य लेख/विषयवस्तु

(ग) अन्त्यमा निष्कर्ष

(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

लेख रचनाका साथ लेखकले आफ्नो इमेल ठेगाना र फोन नम्बर पनि उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ । लेख रचनाहरु आयोगको इमेल ठेगाना info@psc.gov.np मार्फत पनि पठाउन सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारी आयोगको सूचना तथा प्रकाशन शाखाबाट लिन सकिने व्यहोरा समेत सूचित गरिएको छ ।

**पुनश्च :** उल्लेखित विवरण अनुसारको अङ्ग पूरा नगरी आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन । साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।

**लोक सेवा आयोग**
**(सूचना तथा प्रकाशन शाखा)**
**केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं ।**